नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎: ०११-६२०१०६
☎: ०११-६२०१३३
फ्याक्स : ०११-६२००८४
Email: daochautara@gmail.com
daosindhupalchok@gmail.com

पत्र.संख्या प्र.०७८/७९

चौतारा

# जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकबाट जारी आदेश

नयाँ भेरियन्ट सहितको कोभिड-१९ माहामारीको सिन्धुपाल्चोक जिल्लामा समेत संक्रमण दरलाई मध्यनजर गर्दै संक्रमणको रोकथाम र नियन्त्रणका लागि नेपाल सरकार म.प.को निर्णय,संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी मिति २०७८/०६/१५ गते राती १२:०० बजे देखि मिति २०७८/०७/०१ गते राती १२:०० बजेसम्मका लागि निषेधाज्ञा जारी गरिएकोमा जिल्लाका सबै स्थानीय तहहरुमा कोरोना संक्रमण नियन्त्रणमा आइनसकेको हुँदा संक्रमण थप फैलन नदिन जारी Smart Lock Down, Minimal निषेधाज्ञाको शर्तहरु पूर्ण रुपमा पालना गर्ने गरी जिल्लाका सबै स्थानहरुमा मिति २०७८/०७/०२ गते राती १२:०० बजे देखि २०७८/०७/१५ गते राती १२:०० बजेसम्म निषेधाज्ञालाई निरन्तरता दिने निर्णय गरिएकोले उक्त अवधिभर देहाय अनुसार गर्नु गराउनुहुन सबैलाई अनुरोध छः-

१. स्थानीय तहहरुबाट विद्यालय संचालन गर्ने सम्वन्धमा अनुरोध भईआएकोले मिति २०७८/०३/१४ गते बसेको जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयानुसार स्वास्थ्य कार्यालय प्रमुख तथा शिक्षा विकास तथा समन्वय इकाई प्रमुख समेतको समिति गठन गरिएकोमा उक्त समितिबाट प्राप्त प्रतिवेदन समेतलाई आधार लिई शैक्षिक संस्थाहरु (विद्यालय) भौतिक उपस्थितिमा पठन पाठन गर्न/गराउन पर्ने भएमा नेपाल सरकारले जारी गरेको स्मार्ट लकडाउनको प्रावधान भित्र रही स्थानीय तहहरुले जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रसँग समन्वय गरी विद्यालयहरु संचालन गर्न सक्ने ।

२. अनावश्यक रुपमा मानिसहरु जम्मा हुने, भिडभाड गर्ने, सभा जुलुश गर्ने, जात्रा महोत्सव, भोज आदि नगर्ने/नगराउने ।

३. यस अवधिमा पर्ने चाडपर्वहरु स्वास्थ्य प्रोटोकलको पूर्ण पालना गरी न्यूनतम सहभागितामा मात्र मनाउने ।

४. सर्वसाधारण व्यक्ति, समूह तथा संस्था लगायतका निकायहरुबाट आर्थिक, सामाजिक तथा व्यवसायिक गतिविधिहरु संचालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्ड पूर्ण रुपमा पालना गरेर मात्र गर्ने ।

५. होटल व्यवसायहरुमा पूर्णरुपमा स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गरेर मात्र संचालन गर्ने गराउने व्यवस्था मिलाउने ।

६. स्थानीय तहहरुले आ-आफ्नो क्षेत्र भित्र कोभिड-१९ संक्रमण जोखिमको अवस्था मूल्याङ्कन गरी निषेधाज्ञा थप खुकुलो वा कडाई गर्नुपर्ने अवस्था भएमा सो को लागि जिल्ला कोभिड-१९ व्यवस्थापन समितिमा स्मार्ट लकडाउन कार्यविधि, २०७८ बमोजिम सिफारिस गर्ने ।

मितिः- २०७८/०७/०२

प्रमुख जिल्ला अधिकारी
(विदनिधि खनाल)
प्रमुख जिल्ला अधिकारी